प्रदेश सरकार
३ नं. प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

सिन्धुली

## प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रमको प्रस्तावना पेश गर्ने बारे सुचना !!

प्रकाशित मितिः २०७६/०८/२२

कृषि ज्ञान केन्द्र सिन्धुलीको आ.व. २०७६।७७ को स्विकृत वार्षिक कार्यक्रम अनुसार प्राङ्गारिक कृषि प्रवर्द्धन मिसन कार्यक्रम अन्तरगत सञ्चालन गरिने तपसिलमा उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्नका लागि यस जिल्लाभित्रका ईच्छुक कृषि फर्म, कृषक समूह र कृषक सहकारीलाई देहाय बमोजिमको कागजातहरु संलग्न गरी यो सुचना प्रकाशित भएको मितिले ३० (मिति २०७६/०९/२१) दिन भित्र रीतपूर्वक प्रस्ताव सहितको निवेदन यस केन्द्रमा दर्ता गराउनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.स. | कार्यक्रमहरुको नाम | कार्यक्रम संख्या | कैफियत |
|---|---|---|---|
| १ | प्राङ्गारिक उत्पादनका लागि प्लाष्टिक घर निर्माण/विस्तार | १८ | • सबै कार्यक्रमको अनुदान प्रतिशत "प्राङ्गारिक कृषि प्रवर्द्धन मिशन कार्यक्रम कार्यविधि, २०७५" अनुसार हुनेछ । • एकल फार्मको लागि खुल्ला "जमिनमा प्राङ्गारिक उत्पादन" अनुदान कार्यक्रमका लागि कम्तीमा १० रोपनी जमिनमा खेती हुनुपर्नेछ। • समूह वा सहकारीका लागि खुल्ला "जमिनमा प्राङ्गारिक उत्पादन" अनुदान कार्यक्रमका लागि कम्तीमा ६० रोपनी जमिनमा खेती हुनुपर्नेछ। • प्लाष्टिक घर विस्तार अनुदानका लागि कम्तीमा १५०० वर्ग मिटरमा बढिमा ३ वटा प्लाष्टिक घर बनाउनुपर्ने छ । |
| २ | प्राङ्गारिक खेती परीक्षण कार्यक्रम (Pilot program) | २ | |
| ३ | समूह वा सहकारीका लागि खुल्ला "जमिनमा प्राङ्गारिक उत्पादन" अनुदान कार्यक्रम | २ | |
| ४ | एकल फार्मको लागि खुल्ला "जमिनमा प्राङ्गारिक उत्पादन" अनुदान कार्यक्रम | ३ | |
| ५ | रैथाने बालीको परिकार एवं अन्न वा पिठोको बजारिकरणका लागि प्याकिङ्ग तथा लेबलिङ्ग सामाग्रीमा अनुदान कार्यक्रम | १ | |

आवश्यक कागजातहरु:

१) रु १०/- को टिकट टाँस गरी तोकिएको ढँचामा निबेदन माग फारम
२) कृषि फर्म/कृषक समुह/कृषि सहकारीको दर्ता प्रमाणपत्र, नविकरण, पछिल्लो समयको कर चुक्ता, प्यान दर्ता प्रमाण पत्र, संस्थाको निर्णयको प्रतिलिपी
३) सम्बन्धित नगरपालिका/गाँउपालिकाको कृषि शाखा वा वडा कार्यालयको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारीस पत्र
४) सम्बन्धित संस्थाले जिम्मेवारी तोकेको प्रतिनिधि/सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
५) सञ्चालन गरिने कार्यक्रमको प्रस्तावना
६) प्रस्तावित कार्यक्रम स्थलको फोटो र प्रस्ताव मूल्याङ्कनमा सहयोग हुने अन्य सहयोगी कागजात
७) खेती गरिने जमिनको लालपुर्जाको फोटोकपी/ लिजमा लिएको जमिन भए कम्तीमा ५ वर्षको कारारनामाको प्रतिलिपि
८) सुचना प्रकाशन भएको मितिले मिति २०७६/०९/२१ (३० दिन) गते सम्ममा कार्यलय समयभित्र निवेदन दर्ता गराईसकेको हुनुपर्ने छ ।अन्तिम दिनमा सार्वजनिक विदा परेमा त्यस दिनको भोलिपल्ट कार्यलय समयभित्र निवेदन दर्ता हुनुपर्नेछ ।
९) अन्य कुरा प्रचलित कानुन बमोजिम हुने व्यहोरा अनुरोध छ ।रित नपुगी वा म्याद नाघी आएको निवेदन उपर कुनै कारवाहि हुनेछैन।

**नोटः कार्यक्रम सम्बन्धित विस्तृत जानकारीका लागि यस केन्द्रमा सम्पर्क गर्न वा कृषि तथा पशुपन्छी मन्त्रालयको वेभसाईट www.moald.gov.np मा हेर्न वा डाउनलोड गर्नुहुन अनुरोध छ ।**

..................
भरत प्रसद बिडारी
प्रमुख (अधिकृत स्तर दशौं)

फोन नं. : ०४७-५२०१६६, ०४७-५२१०४२ ईमेल: akcsindhuli@gmail.com